लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,दाङ्ग

प्रस्ताव आव्हानको सूचना

सूचना नं. ०८३/८४-१

प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१८

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दाङको चालू आ.व. २०८३/०८४ को तपसिल बमोजिमका स्वीकृत बार्षिक कार्यक्रमहरु **"कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम संचालन कार्यविधि २०८३"** बमोजिम लागत साझेदारीमा संचालन गर्न यस दाङ जिल्ला भित्रका इच्छुक कृषक/समूह/समिति/सहकारी/निजी फर्म/कम्पनी/उद्यमीहरुले आवश्यक कागजात सहित सूचना प्रकाशन भएको मितिले २१ दिन (मिति २०८३/०८/०८ गते) भित्र तोकिएको ढाँचामा तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क्र.स.	कार्यक्रमको नाम	लक्ष्य संख्या	वजेट रु. लाखमा	संचालन गरिने कृयाकलापहरु	न्यूनतम मापदण्ड	अनुदानको सिमा
१.	मागमा आधारित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम	पटक १	१३	• पशुपन्छी जन्य पदार्थको उत्पादन, उत्पादकत्व वृद्धि, बजारीकरण, प्रशोधन तथा विविधिकरणमा टेवा पुग्ने गरी कार्यक्रम संचालन गर्नुपर्ने छ।	• देहायका पशु/वस्तुमा तपसिलको न्यूनतम मापदण्ड पुरा गरेकालाई प्राथमिकता दिइनेछ। पशुवस्तु / संख्या भेडा माउ / १० बाख्रा माउ / १० गाई माउ / ५ भैसी माउ / ५ वंगुर माउ / १५ पाडापाडी पालन / १५ ग्रामिण कुखुरा/हाँस / ५०० दुध संकलन, विविधिकरण (दैनिक लि.) / ३०० मासु/माछा विक्रि तथा प्रशोधन (प्रति दिन के.जी.) / ५० मत्स्य पालन / ६ कठ्ठा	प्रति आयोजना अधिकतम रु. १ लाखमा नवढने गरी ५० प्रतिशत अनुदान दिन सकिने।
२.	मत्स्य व्यवसायका लागि यान्त्रीकरणमा सहयोग	पटक १	३	• एरिएटर, सम्मरसिवल पम्प, सोलार पम्प, इलेक्ट्रिक मोटर, पम्प सेट, पेलेटमेशिन, फिडर मेशिन, महाजाल तथा अन्य मत्स्य व्यवसायमा प्रयोग हुने मेशिनरी/यन्त्र/उपकरण खरिद तथा जडान।	• कृषक/ फर्म/ कम्पनी/ कृषक समूह/समिति/ कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गरिने।	• कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति कृषक अधिकतम रु. १ लाख अनुदान।
३.	पुरानो पोखरी मर्मत संभार	हेक्टर १	५	• पोखरी गहिऱ्याउने। • डिल मर्मत गर्ने। • पानीको प्रवेशद्धार निकासद्धार निर्माण/मर्मत। • पोखरीमा प्लाष्टिक लाइनिङ गर्ने।	• मर्मत गरिने पोखरीको क्षेत्रफल न्यूनतम ३ कठ्ठा हुनुपर्ने र मर्मत पश्च्यात गहिराइलाई न्यूनतम १.५ मिटर हुनुपर्ने।	प्रतिकठ्ठा १० हजार वा कुल लागतको ५०% मध्ये कम हुन आउने रकम।

डा. हरिनारायण प्रसाद थारु
मुख्य पशु विकास अधिकृत

फोन नं. ०८२-५६००२१ Email: vethosdang@gmail.com, Website: vethosdang.lumbini.gov.np

४.	सहकारी मार्फत पशुपन्छी तथा मत्स्य प्रबर्द्धन कार्यक्रम	संख्या १	५	• सहकारी संघ/संस्थाहरु मार्फत पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम हुने गरी पशुपन्छी जन्य उत्पादन, प्रशोधन, पशु स्वास्थ्य, नश्ल सुधार, बजारीकरण क्षमता विकास, मेशिनरी उपकरण सामग्रीमा सहयोग।	• दुधको हकमा १५०० लिटर कारोवार गरेको हुनुपर्ने। • मासुको हकमा वार्षिक कम्तिमा ३०० खसी/बोका, वंगुर १०० र राँगा भैसी ५० वटा कारोवार गर्ने। • माछाको हकमा बार्षिक कम्तिमा १०० मे.ट. कारोबार गरेको। • कानुनी रुपमा समस्या ग्रस्त नभएका वा कालो सूचीमा नरहेको सहकारी संघ/संस्था हुनुपर्ने।	• विनियोजित बजेटको परिधि भित्र रही अधिकतम ५० प्रतिशत अनुदान प्रवाह गरिने।
५.	मत्स्य पोखरीमा प्रयोग हुने विद्युत महशुलमा सहयोग	पटक १	५	• अनुसूची ३२ बमोजिमको निवेदन पेश गर्ने। • कार्यालयले विद्युत महशुल तिरेको विल अनुसार प्राविधिक प्रतिवेदन बमोजिम सहुलियत रकम जम्मा गर्ने।	• फर्मको नाममा मात्र दर्ता भएको वा व्यवसायीको नाममा दर्ता भई मत्स्य पालनमा मात्र प्रयोग भएको विद्युतिय मिटरमा अनुदान प्रवाह गरिनेछ। • विद्युत महशुल तिरेको विल पेश गर्नुपर्नेछ।	• मत्स्य व्यवसायका लागी जडान गरिएको विद्युत मिटरमा बार्षिक रुपमा उठेको कूल विद्युत महशुलको ५०% वा प्रति अनुदानग्राही अधिकतम रु. ५० हजार सम्म सहुलियत प्रदान गर्न सकिने।
६.	व्यवसायीक पशुपन्छी फार्ममा प्रयोग हुने विद्युत महशुलमा सहयोग	पटक १	१०	• अनुसूची ३३ बमोजिमको निवेदन पेश गर्ने। • कार्यालयले विद्युत महशुल तिरेको विल अनुसार प्राविधिक प्रतिवेदन बमोजिम सहुलियत रकम जम्मा गर्ने।	• फर्मको नाममा मात्र दर्ता भएको वा व्यवसायीको नाममा दर्ता भई पशुपालन व्यवसायमामा मात्र प्रयोग भएको विद्युतिय मिटरमा अनुदान प्रवाह गरिनेछ। • विद्युत महशुल तिरेको विल पेश गर्नुपर्नेछ।	• पशुपालन व्यवसायका लागी जडान गरिएको विद्युत मिटरमा बार्षिक रुपमा उठेको कूल विद्युत महशुलको ५०% वा प्रति अनुदानग्राही अधिकतम रु. ५० हजार सम्म सहुलियत प्रदान गर्न सकिने।

आवेदनका लागी आवश्यक कागजातहरु

१. प्रस्तावकको निवेदन अनुसूची -२३ बमोजिम ।
२. अनुसूची -२५ बमोजिमको व्यवसायिक कार्ययोजना।
३. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी ।
४. दर्ता/ नविरकण भएको प्रमाण पत्रको प्रतिलिपी। (समूह/निजी फर्म/कम्पनी/सहकारी)
५. स्थायी लेखा नम्वर प्रमाण पत्र तथा गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी। (निजी फर्म/ समूह/कम्पनी/सहकारी)
६. सहकारी मार्फत पशुपन्छी तथा मत्स्य प्रबर्द्धन कार्यक्रम तर्फ अनुसूची २६ बमोजिमको व्यवसायिक कार्ययोजना।
७. समूह/सहकारीको हकमा प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपी ।
८. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिएको १० वर्षको वा तोकिएको अवधिको करार पत्र।

यस सूचनामा आवश्यक वुदाहरु छुट हुन गएमा **"कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम संचालन कार्यविधि २०८३"** वमोजिम गरिने व्यहोरा अनुरोध छ ।उक्त कार्यविधि यसै कार्यालयको वेवसाइड vethosdang.lumbinigov.np बाट डाउनलोड गर्न सकिनेछ। थप जानकारीकोलागी कार्यालयको फोन नं. ०८२-५६०००२१ वा कार्यालयको सूचना अधिकारी श्री कृष्ण न्यौपाने (९८५७८२६६८५) लाई सम्पर्क गर्नहुन अनुरोध छ। प्रस्ताव पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा भोली पल्ट कार्यालय समयमा प्रस्ताव वुझाउन सकिनेछ।

डा. हरिनारायण प्रसाद थारु
कार्यालय प्रमुख

डा. हरिनारायण प्रसाद थारु
मुख्य पशु विकास अधिकृत